बेलबारी नगरपालिका

# नगर कार्यपालिकको कार्यालय

बेलबारी, मोरङ

१ नं. प्रदेश

## ढुंगा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौटको स्थानीय तह निकासी शुल्क संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी ३० (तीस) दिने सूचना

सूचना प्रकाशित मिति: २०७५।०५।३०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट स्थानीय तह निकासी संकलन गर्ने नगर सभाबाट पारित दररेटमा तपसिल बमोजिमको खोला, नदी, नालाहरुबाट तपसिल बमोजिमको दररेटमा संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु परेकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुले तोकिएको अवधि भित्र रीतपूर्वकको बोलपत्र पेश गर्न आव्हान गरिएको छ।

| क्र. स. | ठेक्का नं. | ठेक्काको किसिम | आइइ प्रतिवेदनका आधारमा उत्खनन गरिने नाकाहरु | न्यूनतम ठेक्का रकम रु. (मु.अ.क. बाहेक) | प्रति क्यु.फिट दर | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०३/०७५/७६ | स्थानीय तह निकासी शुल्क संकलन | चिसाङ खोलाको बेलबारी न.पा. को माथिल्लो राधानगर(गौथली चोक),राधानगर, सुजनाटोल, शान्तीटोल, दौलतपुर (क) र दौलतपुर (ख) गरी ६ वटा र कानेपोखरी गाँउपालिकाको जहदा, बाग भोडा र धावी टोल नाका | ३०,२२,८९८। | रु.२।२५ | ३०००। | ३० औं दिन कार्यालय समयमा |
| २ | ०४/०७५/७६ | | लोहन्द्रा खोलाको बेलबारी र केराबारीको नक्साल नाका, बेलबारी न.पा. र सुन्दरहरैचा न.पा. को IEEप्रतिवेदन आधारमा लोहन्द्रा खोलाको शुक्रबारे नाका र गडगाँउ नाका र बाकी लोहन्द्रा खोलामा बिहानी चोक नाका, भेडा नाका, गौतम टोल नाका, दोगडे नाका, माथिल्लो कसेनी नाका, बालथरी नाका, भकारी भोडा नाका र मटियारी नाका | ६४,५८,४८६। | रु.२।२५ | ३०००। | ३० औं दिन कार्यालय समयमा |

**ठेक्का सम्बन्धि शर्तहरु**

१. बोलपत्र फारम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७४/७५ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ। यदि बोलपत्रदाता व्यक्ति भएको हकमा भने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२. बोलपत्र फारम दस्तुर ठेक्का नं. ३ र ४ को लागि रु. ३०००।- तीन हजार मात्रको नगदी रसिद बुझाई वा कार्यालयको खाता नं. २४३०३०४०१८१०३ मा दाखिला गरेको सक्कल भौचर सहित यस कार्यालयबाट ३० (तीस) दिनभित्र बोलपत्र फारम खरिद गरिसक्नु पर्नेछ।

३. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म शिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। यसरी दर्ता हुन आएको शिलबन्दी बोलपत्र सोहि दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

४. शिलबन्दी बोलपत्रमा ठेक्का कबुल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक बेलबारी शाखामा रहेको खाता नं. २४३०३०३००७१०३ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर सहित फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७४/७५ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ। साथै व्यक्तिको हकमा अनिवार्य रुपमा नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ।

५. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखी सही छाप गरी खामबन्दी गरी शिल लाहछाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखी बोलपत्र फारम दर्ता गराउनु पर्नेछ।

६. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको दिनमा गरिनेछ।

८. न्यूनतम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

९. बोलपत्र स्वीकृत पश्चात् पत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी रकम जफत हुनेछ।

१०. ठेक्का सम्झौताको समयमा ठेकेदारले पहिलो किस्ता बापत कबोल अंकको ४० प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक बेलबारी शाखामा रहेको संचित खाता नं. २४३०३०४०१८१०३ मुलकोष खातामा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता ४० प्रतिशत बापत २०७५ पौष मसान्तसम्म र तेस्रो किस्ता २० प्रतिशत बापत २०७५ चैत्र मसान्तमा जम्मा गर्नुपर्ने छ। दोस्रो र तेस्रो किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको बैंकबाट यस कार्यालयको नाममा जारी भएको दोस्रो तेस्रो किस्ता बराबरको २०७६ असार मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी सम्झौता गर्दा कै समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

११. ठेकेदारले सम्झौताको समयमा कबोल गरेका ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा मु.अ.क. बाहेकको रकममा १० प्रतिशत रकम छुट दिन सकिने छ।
१२. ठेक्काको अवधि बोलपत्रदातासँग सम्झौता भएपछि २०७६ असार मसान्तसम्म रहनेछ।
१३. ठेक्का सम्झौता भईसकेपछि बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफि दिइने छैन।
१४. ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट निकासी शुल्क प्रति घ.न.फिट २।२५ रुपैयाका दरले लिन पाउने छ।
१५. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्द समेत गर्न सक्नेछ।
१६. ठेकेदारले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहीत रहनेछ।
१८. पेश भएको बोलपत्रमा केरमेट भएको, सही छाप नभएको, म्याद नाघि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन।
१९. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।
२०. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात् कबोल रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम ठेकेदारले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्ने छ। साथै ठेकेदार व्यक्ति भएको हकमा १.५ प्रतिशत अग्रिम आय करको रकम र ठेक्काको किस्ता बुझाउदा ठेक्का अंकको १३ प्रतिशतले मु.अ.कर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ।
२१. स्थानीय निकासी शुल्क उठाउदा ठेकेदार वा कम्पनीले IEE प्रतिवेदन अनुसार उत्खनन् भएको स्थानबाट नै निकासी शुल्क असुल उपर गर्नु पर्नेछ। साथै स्थानीय निकासी शुल्कको क्षेत्राधिकार बेलबारी न.पा., कानेपोखरी गा.पा., सुन्दरहरैचा न.पा. र केराबारी गा.पा.को सिमाना भन्दा बाहिरको क्षेत्रलाई बुझाउनेछ।
२२. ठेकेदारले राखेको धरौटी ठेक्का अवधि समाप्त भए पश्चात आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ताको प्रमाण ल्याए पछि फिर्ता गरिने छ। साथै कार्यालयबाट उपलब्ध गराएको पट्टामा उल्लेखित दर भन्दा बढी दरमा निकासी दस्तुर असुली गरेको पाइएमा सोही धरौटी वा विडबन्डबाट कट्टा गरी सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ।
२३. ठेक्कासँग सम्बन्धित रसिदहरु ठेकेदार स्वयं आफैले छपाई गरी यस नगरपालिकाबाट प्रमाणित गरी प्रयोग गर्नु पर्नेछ। कार्यालयबाट प्रमाणित नगरी रसिद प्रयोग गरेको पाइएमा नियामानुसार कारवाही हुनेछ।
२४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ।
२५. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म/कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

**प्रमुख प्रशासकीय अधिकृत**